# बुलेटिन





प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोगको सचिवालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर
इमेल: pppc@bagamati.gov.np
टेलिफोन: ०५७-५२५१३१/ ०५७-५२३६८९

## प्रवेशः

बागमती प्रदेश २०,३०० वर्ग कि.मी.मा अवस्थित छ । पूर्वमा प्रदेश १, पश्चिममा गण्डकी प्रदेश, उत्तर मा चीन र दक्षिणमा प्रदेश २ तथा भारतसँग यस प्रदेशको सीमाना जोडिएको छ ।

समुद्री सतहदेखि १४१ मिटरमा रहेको चितवनको गोलाघाटदेखि रसुवा जिल्लाको ७,२२९ मिटरको उचाईमा रहेको लाङटाङ हिमालसम्म फैलिएको यो प्रदेशमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार हिमाली क्षेत्रमा पाँच जिल्ला (धादिङ, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र दोलखा), पहाडी दुई जिल्ला (नुवाकोट र काभ्रेपलाञ्चोक), उपत्यकाका तीन जिल्ला (काठमाण्डौं, ललितपुर र भक्तपुर) र भित्री मधेशका तीन जिल्ला (सिन्धुली, मकवानपुर र चितवन) छन् ।

यस प्रदेशका १३ जिल्लामा ३ वटा महानगरपालिका, १ वटा उपमहानगरपालिका, ४१ वटा नगरपालिका तथा ७४ वटा गाउँपालिका गरी ११९ स्थानीय तह छन् ।


प्रदेशभित्र रहेका काठमाण्डौं, ललितपुर र भरतपुर तीन महानगरपालिकाहरू हुन् भने हेटौंडा एकमात्र उपमहानगरपालिका हो ।

यो प्रदेशमा संघीय राजधानी समेत रहेको छ । प्रदेश सरकार नेपालको लागि नयाँ अभ्यास हो । प्रदेश सरकारको सबै संरचनाहरु नयाँ छन् ।

प्रदेश सरकार गठन भएको ३ वर्ष पुरा हुँदा प्रदेशको समृद्धिको लागि धेरै महत्वपूर्ण कार्यहरु भएका छन् । जनतालाई सेवा प्रवाह गर्ने क्रममा छिटो छरितो र प्रभावकारीता प्रबर्द्धनार्थ प्रदेश सरकार संधै लागि परेको छ । संघीयता कार्यान्वयनका क्रममा प्रदेश तहको उपदेयताबारे आम नागरिकमा चासो बढीहेको छ ।

यसैले पनि प्रदेश सरकारले गरेको काम/उपलब्धीहरुको चर्चा गर्नु आवश्यक छ । यसबीचमा प्राप्त गरिएका धेरै कार्य प्रगति र उपलब्धिहरु मध्ये केही महत्वपूर्ण कार्यप्रगतिको मन्त्रालयगत संक्षिप्त झलक दिने यो बुलेटिन प्रकाशन गरिएको छ ।

# शुभकामना



बागमती प्रदेश सरकार स्थापना भएको ३ वर्ष पुगेको छ । संघीय संरचना मै नयाँ अभ्यासको रुपमा जन्मेको प्रदेश सरकारको संरचना निर्माणपछि यसको विधिबत कार्य थालनीको लागि धेरै चुनौतिहरु पार गर्दै आगामी दिनको लागि आधार तय भएको छ । सुरुवातमा प्रदेशको संरचना कस्तो हुने, कसरी काम भन्ने भन्नेबारे नै अन्यौलता रहेको बेला प्रदेश सरकारले यसको नीतिगत तथा संस्थागत विकासमा नै केही समय गुजार्नु पर्‍यो ।

यद्यापि यो यस बिचमा प्रदेश सरकारले धेरै महत्वपूर्ण कामहरु गरेको छ । प्रदेश सरकारको अबको मार्ग स्पष्ट बनेको छ । प्रदेश सरकारले यस बिचमा गरेको कामहरुमध्ये केही मुख्य मुख्य कामहरुको चर्चा हुने गरि प्रदेश नीति तथा योजना आयोगले बुलेटिन प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसि लागेको छ । बुलेटिन प्रकाशनार्थ सफलताको शुभकामना व्यक्त गर्दछु ।

**डोरमणी पौडेल**

**माननीय मुख्यमन्त्री,बागमती प्रदेश**

# बागमती प्रदेश सरकारको केही संस्थागत उपलब्धीहरु

☐ प्रदेशको नाम बागमती र राजधानी मकवानपुरको हेटौंडा टुङ्गो लगाइएको छ ।

☐ प्रदेश सुशासन केन्द्रको स्थापना गरेर प्रदेश र स्थानीय तहको क्षमता विकासको काम भइरहेको छ ।

☐ प्रदेश लोकसेवा आयोग गठन गरी विभिन्न तहको पदपुर्ति प्रक्रिया जारी रहेको छ ।

☐ प्रदेश खेलकुद परिषद्, सञ्चार रजिष्टार, दुग्ध विकास बोर्डलगायतका निकायहरुको कानुन बमोजिम स्थापना भएको छ, भने युवा परिषद् स्थापनाको अन्तिम चरणमा रहेको छ ।

☐ प्रदेश सरकारका मन्त्रालय र कार्यालयहरुको संगठन तथा व्यवस्थापन अध्ययन अन्तिम चरणमा पुगेको छ ।

☐ योजना बैंक मार्फत प्रदेश सरकारका विभिन्न प्रकारका सबै योजनाहरु अगाडि बढीरहेको छ ।

# बागमती प्रदेश सरकारको केही नीतिगत उपलब्धीहरु

☐ प्रदेश कानुन : ११२ वटा

☐ ऐन : ५८ वटा ( ११ वटा संशोधन सहित)

☐ अध्याधेश : ३ वटा

☐ नियमावली : २० वटा (४ वटा संशोधन सहित)

विनियम : २ वटा (१ संशोधन सहित)

☐ कार्यविधि:१८ वटा (२ संशोधन सहित)

☐ निर्देशिका : ३ वटा (१ संशोधन सहित)

☐ आदेश : ८ वटा (३ संशोधन सहित)

## स्थानीय तहहरुसँग सम्बन्धित प्रदेश कानुनहरु

☐ गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन २०७५

☐ प्रदेश विपद व्यवस्थापन ऐन २०७५

☐ प्रदेश राष्ट्रिय वन ऐन २०७६

☐ प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन ०७६

☐ प्रदेश औद्योगिक व्यापार व्यवसाय ऐन २०७६

☐ स्थानीय तहको पदाधिकारीको सुविधा सम्बन्धी ऐन २०७५

☐ लोक सेवा आयोग ऐन २०७६

☐ सबै स्थानीय तहमा आवधिक योजना कार्य जारी

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## कानून निर्माणतर्फ

प्रदेशको सकारकार गठन भएपनि सबैभन्दा महत्वपूर्ण कार्य कानुन निमार्ण गर्नु रहेको थियो । प्रदेश सरकारको अभ्यास नेपालकै नयाँ अभ्यास भएको कारण प्रदेश सरकारको गति लिनकै लागि ऐन, कानुन, नीति नियम बनाउनु पहिलो आवश्यकता थियो ।

यसै आवश्यकतालाई मध्य नजर गर्दै प्रदेश सरकार ले यस बिचमा प्रदेश सरकारले ५८ वटा ऐन, २० वटा नियमावली, १८ वटा कार्यविधि, ३ वटा निर्देशिका, ८ वटा आदेश गरी कुल ११२ वटा कानून तर्जुमा गरेको छ ।

## मन्त्रिपरिषद्को बैठक:

प्रदेश सरकार सञ्चालनको क्रममा २०७७ साल पौष मसान्तसम्म १०६ पटक मन्त्रिपरिषद्को बैठक बसेर विभिन्न ४६३ वटा निर्णय गरेको छ । जुन निर्णयहरु कार्यान्वयनको चरणमा छन् ।

यसैगरी सुसंस्कृत र सुखी जनता समाजवाद उन्मुख समृद्ध प्रदेशको दुरगामी सोचका लागि बागमती प्रदेशको पहिलो आवधिक योजना ०७६/०७७ देखि २०८०/०८१ कार्यान्वयनमा रहेको छ ।

यसैगरी प्रदेश नीति तथा योजना आयोगबाट दिगो विकासको लक्ष्य सहितको दस्तावेज तयार पारिएको छ ।

यसैगरी २०७७ साउन १ गते माननीय मुख्यमन्त्री र माननीय मन्त्रीहरु बीच तथा माननीय मन्त्री र मन्त्रालयका सचिव बीच एवम् सबै तहका कार्यालय, प्रमुखसँग कार्य सम्पादन करार सम्झौता भएको छ ।

# भौतिक पूर्वाधर विकास मन्त्रालय

यस मन्त्रालयले प्रदेशको पूर्वाधार विकास निर्माणका अतिरिक्त यातायात व्यवस्थापन, प्रदेशको उर्जा, विद्युत, सिंचाइ, खानेपानी, जलउत्पन्न प्रकोप व्यवस्थापन तथा नियन्त्रण, यि क्षेत्रहरुमा निजी क्षेत्रको सहभागीता प्रवर्द्धन, नीति तथा मापदण्ड निर्धारण जस्ता कार्यहरु गरेको छ । प्रदेशको यस मन्त्रालयले गरेको धेरै कामहरु मध्ये सारमा केही महत्वपूर्ण कामहरुको झलक यस प्रकार छ:

**सडकतर्फ :**

यातायात विकासको मेरुदण्ड हो । सडक सञ्जालबिना विकास अधुरो रहन्छ । जनताको आधारभूत आवश्यकता परिपुर्तिको लागि सडक सञ्जाल अपरिहार्य छ । प्रदेश सरकारले सडक सञ्जालतर्फ सम्पन्न निर्माण पूर्वाधारसम्पन्न भइसकेका छन्:

कच्ची सडक: १८४९ किमी
ग्राभेल सडक: ४३५ किमी
कालोपत्रे: २१९ किमी
ढलान सडक: ८० किमी

यसका साथै निम्न सडकहरु निर्माण तथा मर्मत तथा स्तरोन्तती गरिएको छ:

☐ १८ वटा स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक लोकमार्गहरुको कुल १९३ किमी र अन्य आर्थिक केन्द्र जोड्ने सडक कुल २०० किमी गरी ३९३ किमी सडकको स्तरोन्नती गरिएको छ ।

☐ रुवीभ्याली गाँउपालिकामा यसै आर्थिक वर्षको अन्तसम्ममा सडक पुऱ्याउने लक्ष्य सहित कार्य भइरहेको छ ।

☐ १३०९ किमी सडक र ५२ वटा सडक पुलको सर्भे सम्पन्न भएको छ ।

☐ वि.सं. २०८५ सम्ममा कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा पऱ्याउने नीति अनुरुप हर्षाही सिंचाई आयोजना सम्पन्न भए पश्चात ३६४ हेक्टर भागमा सिंचाई सेवा सुविधा पुगी कृषि उपजमा वृद्धि भई ५१५ घरधुरीका ३१५७ जनता लाभान्वित भएका छन् ।

☐ नारायणी लिफ्ट सिंचाई योजनाको Modemization तथा मर्मत सम्भार गरी चितवन जिल्लाको ४७०० हेक्टर भूभागमा बाह्रै महिना सिंचाई पुऱ्याउने कार्य भइरहेको छ ।

☐ खगेरी सिंचाई प्रणालीको योजना मर्मत गरी ३९०० हेक्टर भूभागमा पर्याप्त पानी पुऱ्याउने काम भएको छ ।

## पुष्पलाल चक्रपथ

संघीय सरकारसँगको सहकार्य र समन्वयमा पुष्पलाल चक्रपथ निर्माण गर्ने योजना अघि सारिएको छ ।

प्रदेशको रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ्ग-चितवन-मकवानपुर-सिन्धुली-काभ्रे जिल्लालाई एउटै पथबाट जोडिएर यात्रा गर्न मिल्ने गरी प्रदेश चक्रपथको २ करोड को DPR तयार भइरहेको छ । यो चक्रपथको लम्बार करिब ५०० किमी रहेको छ ।

□ पोष्ट बहादुर बोगटी सूरुङमार्ग (भीमफेदी कुलेखानी) आयोजनाको कार्यालय स्थापना गरी कार्य प्रारम्भ भएको छ ।

□ कुलेखानी फर्पिङ, भिमफेदी कुलेखानी सडक अन्तरगतको १५.३२ किमी लम्बाइमा ठेक्का सम्पन्न भई स्तरोन्नतिको काम भइरहेको छ ।

□ जनता आवास इकाइ निर्माण कार्यक्रम अन्तरगत १४०४ वटा आवास निर्माण सम्पन्न भइसकेको छ ।

## सामुहिक आवास हस्तान्तरण

□ प्रदेशको रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिका-३ भिरपानीस्थित डफ्काको माझी गाउँमा निर्माण गरिएको सामुहिक आवास हस्तान्तरण गरि सकिएको छ । सामुहिक आवासमा ४२ वटा सुविधा सम्पन्न आवास निर्माण गरिएको छ ।

## एक घर एक धारा कार्यक्रम

शुद्ध पिउने पानीको उपलब्धता जनताको अधिकार भएकोले प्रदेश सरकारले शुद्ध पानी पिउने व्यवस्थाको लागि कार्य गरेको छ । विभिन्न सरुवा रोग न्यूनिकरण गर्न प्रदेश सरकारले शुद्ध पानी घरघरमा पुऱ्याउने योजना अगाडि सारेको हो । यस अन्तरगत निम्न कार्यहरु सम्पन्न भएका छन् :

खानेपानीका सम्पन्न आयोजनाहरु: ३३ वटा ।
गुणस्तर सुधार गरिएका आयोजनाहरु :२८ वटा ।
खानेपानी आयोजनाको सम्भाव्य अध्ययन : २५ वटा ।
आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको : १०९ वटा ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

शान्ति सुरक्षा कायम गर्दै सूचना तथा सञ्चार र प्रदेशका कानुनहरुको तर्जुमा गर्ने मुख्य जिम्मेवारी रहेको यस मन्त्रालयले प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्दै जनताको जीउ धन र स्वतन्त्रताको संर क्षण गरी नेपालको संविधानद्वारा प्रत्याभुत जनताको अभिव्यक्ति स्वतन्त्रता र सू-सुचित हुन पाउने मौलिक हकको संरक्षण, सम्वर्द्धनतर्फका कार्य गरेको छ । बागमती प्रदेश सरकार अन्तरगतको यो मन्त्रालयले विगत ३ वर्षमा गरेको मुख्य मुख्य केही कामहरुको झलक यस प्रकार छ -:

## कानून निर्माणतर्फ

□ हालसम्म ऐन ४७, नियमावली १७, विनियम १, आदेश ५, निर्देशिका २, कार्यविधि १४ गरी ८६ (संशोधन बाहेक) वटा कानून निर्माण गरिएको ।

□ प्रदेशमा हालसम्म निर्माण भएका कानूनको भौतिक (प्रत्येक प्रमाणीत एवं स्वीकृत भई राजपत्रमा प्रकाशित सूचना १५/१५ प्रति राख्ने गरिएको) एवं अभौतिक (सफ्टवेयर मार्फत Digitalized गरी Disaster Recovery Centre मा आबद्ध गरीएको ।

## विपद् व्यवस्थापनतर्फ

□ जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह र सामाजिक विकास मन्त्रालय मार्फत विभिन्न अस्पतालहरूलाई कोभिड-१९, रोकथाम, नियन्त्रण र उपचारका लागि रु. ३१ करोड ४८ लाख सहयोग उपलब्ध गराईएको ।

□ २०७५ को बारा जिल्लामा गएको हावाहुरीमा तत्कालिन प्रदेश नं. ३ बाट १ करोड रुपैयाँ आर्थिक सहायता र त्रिपाल पठाइएको ।

□ आ.व. २०७६/७७ मा विभिन्न विपद्का कारण मृत्यवरण गरेका मृतकका परिवारलाई प्रति मृतक एक लाखका दरले रु २६ लाख सहायता प्रदान गरिएको ।

□ चालु आ.व. मा विभिन्न स्थानीय तहहरूलाई बाढी पहिरो जस्ता विपद् व्यवस्थापनका लागि करीव ३१ करोड रूपैंया बराबरको आर्थिक सहायता पठाइएको ।

□ काभ्रे र नुवाकोटमा एकरएक वटा आपतकालिन गोदाम घर निर्माणको कार्य अघि बढाईएको ।

□ चालु आ.व.मा मात्रै रु. १ करोड बराबरको विपद् उद्धार सामाग्री खरिद गर्ने कार्य भईरहेको ।

## शान्ति सुरक्षातर्फ

□ आ.व. २०७५।०७६ देखी प्रदेश अन्तर्गतका जिल्लाहरुमा ४६ वटा प्रहरी भवनहरु निर्माण कार्य शुरु गरिएकोमा हालसम्म १६ वटाको निर्माण सम्पन्न भएको र बाँकी ३० वटा भवनको ८० ५ भन्दा बढी निर्माण कार्य सम्पन्न भईसकेको र चालु आ.ब. भित्रै सबै निर्माण सम्पन्न गर्ने र थप २१ प्रहरी चौकी निर्माणको प्रक्रिया अगाडि बढाइएको छ।

## शान्तिपार्क निर्माणतर्फ

□ प्रदेश अन्तरगतका सहिद स्मारक हेटौंडा, थाहा शान्ति पार्क थाहा नगरपालिका, हर्नामाडी कला प्रतिष्ठान हर्नामाडी, पोष्टबहादुर समृति पार्क नुवाकोट र बाँदर मुडे पार्क माडी चितवन गरी पाँच स्थानमा पार्क निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरी निर्माणको कार्य अघि बढाईएको ।

## द्वन्द प्रभावित परिवारलाई सहायतातर्फ

विगतको विभिन्न समयमा भएका राजनैति घटनाक्रमहरुबाट पीडित प्रभावित द्वन्द्व पीडित तथा विस्थापित परिवारहरुलाई राज्यको तर्फबाट संरक्षण प्रदान गर्ने कार्यलाई दायित्वको रुपमा ग्रहण गर्दै प्रदेश सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ ।

□ आ.व. २०७५/७६ र २०७६/७७ मा द्वन्द प्रभावित परिवारका सदस्यहरूको लागि छात्रवृत्ति, स्वरोजगारमुलक व्यवसाय, औषधोपचार र सीप विकासका लागि कार्यविधि अनुसार १५७५ जनालाई ३ करोड ९३ लाख ७० हजार सहायता गरिएको छ भने चालु आ.ब. मा पनि रू. २ करोड वितरण गर्ने कार्यक्रम रहेको छ ।

## सञ्चार तथा सूचना प्रविधितर्फ

□ १०० वाट भन्दा माथि १००० वाट सम्मका एफ.एम. रेडियो, केवुल टेलिभिजन र अनलाइन सञ्चार माध्यमहरूको दर्ता र नवीकरणको थालनी गरिएको ।

□ प्रदेश भित्र कार्यरत पत्रकारहरूलाई पत्रकार परिचय पत्र वितरण गर्नका लागि Communication Management Information System को निर्माण गरी अनलाईन आवेदन र परिचय पत्र वितरणको सुरुवात ।

□ पत्रकार क्षमता विकासका लागि मोबाइल जर्नालिज्म, शोधवृत्ति सहायता, विषयगत रिपोर्टिङका लागि लेखनवृत्ति, जोखिम पत्रकारिता गर्नका लागि सामग्री सहायता लगायतका कार्यक्रमहरु आयोजना गरिएको ।

## न्यायिक इजलास समिति गठन

संघीय संरचनाको अभ्यास गर्दै गर्दा जनतालाई नजिकै न्यायको पहुँच पुऱ्याउने कार्यमा प्रदेश सरकारले विशेष चासो दिँदै आएको छ ।

प्रदेशको विभिन्न २४ वटा स्थानीय तहहरुमा न्यायिक इजलास समिति गठन गरिएको छ ।

यसैगरी 'प्रदेश सरकारको पहिचान, नि:शुल्क कानूनी जनसाहायता अभियान' भन्ने नाराका साथ प्रदेशको ११६ वटा स्थानीय तहमा नि:शुल्क कानुनी जनसहायता कार्यक्रम सुरु गरिएको छ । यस अन्तरगत कानुनी सहजकर्ता नियुक्त गरी अभिमुखिकरणपछि कार्यक्षेत्रमा खटाईएको छ ।

□ प्रदेशभित्र क्रियाशिल ९७२ पत्रकारहरूको कोरोना बीमा गरिएको ।

□ प्रदेश भित्रका करिब ८० जना पत्रकारलाई पुर्नताजकी तालिम प्रदान गरिएको छ ।

□ प्रादेशिक विपद व्यवस्थापनको लागि ५ करोडको कोष स्थापना गरेको छ ।

□ नुवाकोट, काभ्रे र रामेछापमा विपद व्यवस्थापन सम्बन्धी ८ वटा तालिम प्रदान गरिएको छ ।

□ मकवानपुरको भिमफेदी कारागारमा महिला बन्दीगृह निर्माण ।

□ करिब १००० जनालाई ट्राफिक जनचेतना सम्बन्धी तालिम प्रदान गरिएको ।

# उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

विशेष गरी उद्योग वाणिज्य, पर्यटन, वन, वातावरण क्षेत्रको नीतिगत व्यवस्थापन सम्बन्धी कार्य गर्ने यो मन्त्रालयले यस प्रदेशमा सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागीताद्वारा दीगो एवम् बृहत आधार सहितको औद्योगिक विकास मार्फत रोजगारी सिर्जना गरी गरीबी न्यूनिकरण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

पर्यटकीय गन्तव्यहरुको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान विकास तथा पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख आधारको रुपमा विकास गर्ने जिम्मेवारी वहन गरेको यस मन्त्रालयले ३ वर्षको अवधिमा गरेको मुख्य मुख्य कामहरु यस प्रकार छन् :

## नीतिगत कार्य:

ऐन ४ वटा

आदेश/निर्देशिका/मापदण्ड : ३ वटा

कार्यविधि : १४ वटा

मन्त्रालय अन्तर्गत सम्पादित अन्य मुख्य-मुख्य कार्य तथा उपलब्धिहरू

## सेवा विस्तार तथा संस्थागत विकास

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा प्रदेशका नागरिक समक्ष सेवा विस्तारका लागि देहायका कार्यालयहरू स्थापना गरी नियमित रूपमा सेवा प्रवाह थालनी भएको छ:

□ उद्योग तथा वाणिज्यको सेवा प्रवाहका लागि ७ वटा जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय स्थापना गरिएको छ ।

□ पर्यटन उद्योग तथा व्यवसायको सेवा विस्तारका लागि छुट्टै १ वटा पर्यटन कार्यालय र पर्यटन क्षेत्रको भौतिक पूर्वाधार विकासका लागि प्रदेश सरकार कै पहिलो आयोजनाको रूपमा पर्यटन विकास आयोजना स्थापना गरिएको छ ।

□ अल्पकालीन रोजगारी अन्तरगत भू संरक्षणबाट ६,४५,२०४ श्रमदिन, दिगो वन व्यवस्थापनबाट ५,८९,७१४ श्रमदिन र पर्यटन क्षेत्रबाट १८४२८५ श्रमदिन गरी कूल १२,३४,९१८ रोजगार श्रमदिन श्रृजना भएको ।

□ दिगो वन व्यवस्थापनबाट १३७ जना (प्रत्यक्ष) र उद्योग क्षेत्रबाट ४६,३२० जना (प्रत्यक्ष) रोजगारी श्रृजना भएको

## उद्योग क्षेत्रका उपलब्धिहरू

'आयात प्रतिस्थापनको निकास, उद्योगको वैज्ञानिक विकास' भन्ने नाराका साथ आयात प्रतिस्थापन गर्ने वस्तु तथा सेवाको पहिचान गरी त्यस्ता वस्तु तथा सेवाको उत्पादनलाई प्रोत्साहन गर्ने र स्वच्छ प्रतिस्पर्धाको आधारमा सरल र सहज रूपमा व्यापार व्यवसाय गर्ने वातावरण सिर्जना गर्ने नीति अनुसार हालसम्म प्रदेश सरकार गठन पश्चात् १३,७६३ वटा नयाँ वाणिज्य फर्म दर्ता हुनका साथै १३,३५० वटा पुराना वाणिज्य फर्मको नवीकरण भएको र २ वटा मझौला उद्योग सहित लघु, घरेलु तथा साना उद्योग १,४४,५४६ वटा दर्ता तथा स्थापना भएको छ ।

□ उद्योग तर्फ काठमाडौ, चितवन, काभ्रे, मकवानपुर मा सफ्टबेवरमा आधारित उद्योग दर्ता तथा वाणिज्यका कार्यहरु थालनी हुनका साथै मकवानपुर जिल्लामा निवेदकलाई उद्योग दर्ताको विषय SMS जाने प्रविधि विकास भएको ।

□ २३९५ जना उद्यमी श्रृजना भइ रु. २४ अरब १८ करोड पूँजी लगानी र रु. १ अरब ३९ करोड पूँजी वृद्धि भई ४६,३२० जना ले रोजगारी प्राप्त गरेको ।

□ प्रदेश सरकार मन्त्रिपरिषदको निर्णयानुसार आ.ब. ०७५/७६ मा उद्योग मैत्री वातावरण तयारका लागि म्याद गुज्रेका उद्योगहरुलाइ दस्तुर लिई एक पटकका लागि नविकरण गर्दा खारेजी हुन लागेका उद्योगहरुलाई निरन्तरता दिन २०७६ श्रावणदेखि आश्विन सम्म एक पटकका लागि उद्योग नविरकणको अवसर दिइएको ।

□ 'उद्यमीको हात, प्रदेश सरकारको साथ' भन्ने सोचका

साथ बेरोजगार युवा तथा विदेशबाट फर्किएका जनशक्तिलाई लक्षित गरी उत्पादन वृद्धिका लागि रोजगारी सिर्जना र प्रविधि हस्तान्तरण, सीप तथा उद्यमशिलता विकास एवम् सहुलियत पूर्ण ऋणको व्यवस्था गर्ने कार्यक्रम अन्तर्गत बागमती प्रदेशका १३ वटै जिल्लाका उद्यमीहरूलाई सहुलियत, सीप तथा प्रविधि दिन उद्यमीको समेत लागत साझेदारीमा प्रदेश सरकार ले प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्दै आएको, हालसम्म प्रविधि हस्तान्तरणको संख्या १०२९ रहेको ।

□ परम्परागत ज्ञान र सीपको संरक्षण, प्रवर्धन र स्थानीय उत्पादनको बजारीकरण गर्न १४ वटा साझा सुविधा केन्द्र र २१ वटा बजार घर तथा स्थानीय उपज केन्द्र स्थापना तथा सञ्चालन गरिएको ।

□ उत्पादन र रोजगारी वृद्धि गर्न उद्योग क्षेत्रको विकास र प्रवर्द्धनका लागि सिन्धुलीको हरिहरपुर गढीमा स्थापना गर्न लागिएको उद्योगको DPR तयारी भइ वातावरणीय अध्ययन सम्पन्न भएको तथा मकवानपुर को मनहरीमा प्रदेश औद्योगिक क्षेत्र स्थापनाको लागि DPR तयारी वातावरणीय अध्ययन सम्पन्न भएको ।

## 'एक निर्वाचन क्षेत्र, एक उद्योग ग्राम'

उद्योग ग्राम /उद्योग उपज केन्द्र सिन्धुपाल्चोक, मेलाम्ची, चितवन, भरतपुरमा DPR तयारी वातावरणीय अध्ययन सम्पन्न भइ निमार्ण थालनी भएको छ भने धादिङ्ग, मासटारमा DPR तयारी वातावरणीय अध्ययन सम्पन्न भएको छ । मकवानपुरमा निर्माण गरिने भनेको वृहत् उद्योग उपज विक्री घरको लागि जग्गा प्राप्ती भएको छ । यसैगरी दुधौली सिन्धुली, दोलखा गौरीशंकर, काभ्रे मण्डनदेउपुर, नुवाकोट पञ्चकन्या, मकवानपुर, थाहानगर म्एच तयारी भइ वातावारणीय अध्ययन सम्पन्न भएको छ ।

## पर्यटन पूर्वाधार विकास

निर्माणाधीन पर्यटन पूर्वाधार विकास गर्ने र 'पर्यटन क्षेत्रको बिस्तार,प्रदेश समृद्धिको आधार' भन्ने अवधारणालाई सार्थक बनाउन स्थापित तथा नयाँ गन्तव्य स्थलहरूमा एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गरी पर्यटन क्षेत्रलाई सुरक्षित, भरपर्दो र गुणस्तरीय बनाउन २८६ वटा पर्यटन पूर्वाधारका संरचना निर्माण गरेको छ ।

जसमा हाल ३८ वटा साना ठूला पर्यटनको ठेक्का सम्झौता भइ निर्माणाधिन अवस्थामा रहको छ । हालसम्म प्रदेश सरकारले ९० करोड रुपैया पर्यटन पूर्वाधार विकासमा खर्च गरेको छ । समग्र पर्यटन क्षेत्रबाट दक्ष जनशक्ती तर्फ १,८४,२८५ श्रम दिन रोजगारी श्रृजना भएको छ । पर्यटनको पहुँच वृद्धिका लागि ४५ वटा महत्वपूर्ण पदमार्ग निर्माण भएको ।

□ प्रदेश भरी लगभग ४३ कि.मि. गुणस्तरीय तथा पर्यटन मैत्री पदमार्ग निर्माण भएको छ ।

□ प्रदेशले नेपालमा पहिलोपल्ट हिलस्टेशन विकासको अवधारणा ल्याएर १० वटा क्षेत्रलाई पर्यटकीय हिलस्टेशनको रूपमा विकास घोषणा गरेको छ ।

□ प्रदेश सरकारले १० नमुना पर्यटन गन्तव्य तथा पर्यटन पूर्वाधारका लागि नमुना पर्यटन गन्तव्यको रूपमा घोषणा गरेको छ ।

□ उच्च प्रविधि नर्सरी र शहरी वन/पार्क निर्माण शहरी क्षेत्रमा 'एक घर, दुई बिरुवा' र सबै स्थानीय तहमा 'एक वडा, एक बगैंचा' अभियान अन्तर्गत १४ कि मि शहरी क्षेत्रका सडकमा वृक्षारोपण सम्पन्न गरिएको ।

□ ७१ वटा पार्क निर्माण निर्माण सम्पन्न भएको

जसबाट ६८० रोपनी शहरि क्षेत्रका बहुमूल्य सार्वजनिक जग्गाको सदुपयोग तथा अतिक्रमण नियन्त्रण भएको।

□ १३ वटै जिल्लामा १३ वटा केन्द्रियस्तरका नर्सरी स्थापना भएका छन् । हाइटेक नर्सरीमा २ लाख ७० हजार वहुवर्षिय बिरुवा उत्पादन भएको ।

□ ८६३ वटा खहरे तथा पहिरोको उपचाररनियन्त्रण गरी ५६ कि.मि. भू-संरक्षणको संरचना निर्माण गरिएको छ । पानी रिचार्जका लागि १०५ वटा संरक्षण पोखरी निर्माण ।

□ मन्त्रालयको पहलमा कागज उद्योग संचालनको संभाव्यता अध्ययन, जग्गा छनौट, प्रारम्भिक पुर्वाधार निर्माण अध्ययन सम्पन्न भएको ।

□ मन्त्रालयले निर्माणजन्य सामाग्रीको व्यवस्थापनका लागि ८ वटा उत्खनन् योग्य पहाड पहिचान मकवानपुर को एक वटा पहाड तत्कालै उत्खननका लागि माइनीङ्ग स्किम तयार गरी गरी वातावरणीय अध्ययन सम्पन्न ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

अर्थ नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा कार्यान्वयन र नियमनको जिम्मेवारी रहने यस मन्त्रालयबाट सम्पादन भएको मुख्य मुख्य कामको झलक यसप्रकार छ-:

## नीतिगत कार्य

ऐन/कार्यविधि

आ.व.२०७४/०७५: ६ वटा

आ.व.२०७५/०७६: ७ वटा

आ.व २०७६/०७७: ७ वटा

आ.व २०७७/०७८: ३ वटा

## मन्त्रालयबाट भएका अन्य मुख्य काम

☐ आ.व २०७५/०७६ मा नै परियोजना बैङ्क ईकाई संचालन गरी विषयगत मन्त्रालयलाई आधारभुत तालिम प्रदान गरिएको थियो । परियोजना बैंकको स्थापनाले प्रदेशका विभिन्न स्थानमा आवश्यकतामा आधारीत योजनाहरु कार्यान्वयनमा ल्याउन धेरै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस परियोजनालाई अझै प्रभावकारी बनाउन परियोजना बैंक सफ्ट्वयर अवस्था, अनुमगन तथा अन्तरक्रिया कार्यक्रम गरिएको छ । सफटवेयरमा केही परिमार्जन गर्नु पर्ने भएकोले developer संग सम्पर्क भैरहेको छ ।

☐ Revenue Integrated System - RIS विकास तथा संचालनको लागि प्रदेश भित्रका एकीकृत राजस्व संकलन गर्ने प्रणाली विकास गर्ने कार्य विवरणको तयारी एवं खरिद सम्वन्धी कार्य हुदै गरेको ।

☐ प्रदेश सरकारले संकलन गर्ने सवारी साधन कर प्रदेश विभाज्य कोषमा राखी नेपालको संविधान एवम् अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम ४०५ सम्बन्धित स्थानीय तहको संचित कोषमा समयमै बाँडफाँट गरी दाखिला गर्ने गरिएको छ ।

☐ अनुदान निकासा गर्दा गतवर्षको प्रदेश सरकार को वचत भएको अनुदान रकम फिर्ता नभएको भए अथवा प्रदेशको राजश्वको अंश प्रदेश संचित कोषमा दाखिला नगरेको भए त्यस्ता स्थानीय तहहरुमा समानीकरण अनुदान तथा सवारी साधन कर बाँडफाँट गरी पठाउँदा फिर्ता नभएको वा राजश्व दाखिला नभएको बराबरको रकम कट्टा गर्ने गरिएको छ ।

☐ बागमती प्रदेशका १३ वटै जिल्लाका जनताहरुलाई प्रत्यक्ष लाभ पुग्ने खालका भौतिक पूर्वाधार, खानेपानी, कभर्ड हलजस्ता विविध क्षेत्रका करिब १०० भन्दा बढी योजनाहरुलाई बहुवर्षीय स्रोत सुनिश्चितता गरी सम्बन्धित मन्त्रालयहरुका विभिन्न कार्यालयहरुमार्फत कार्यान्वयनका लागि वजेट विनियोजन गरिएको ।

☐ आर्थिक वर्ष २०७६/०७७ देखि प्रदेश सरकार को सार्वजनिक खर्चलाई प्रभावकारी बनाउनका लागि स्वीकृत कार्यक्रमको विषयगत निकायहरुबाट कार्ययोजना माग गरी सोलाई एकीकृत गरि मन्त्रालयगत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रकाशन गरिएको।

☐ आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७७/०९/०८ गते प्रथम किस्ता वापत कृषि विकास बैंक लिमिटेडलाई ४० करोड तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड २० करोड गरि जम्मा ६० करोडको तमसुक गरि निकाशा समेत भैसकेको ।

☐ बागमती प्रदेश भित्र ६५ वटा कृषि विकास बैंक लिमिटेडको शाखा कार्यालय मार्फत यस ऋण लगानी कार्यक्रम विस्तार तथा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको २५० साना किसान कृषि सहकारी मार्फत ऋण लगानी कार्यक्रम संचालन गरिएको ।

☐ प्रदेश भित्रका १३ जिल्लाका सवै स्थानीय तहहरुको वडा सम्म पुग्ने गरी कार्यविधि तथा जानकारी मुलक हाते पुस्तीका वितरण गरिएको ।

☐ सशर्त अनुदान तर्फ कोरोना महामारीको

कारणले स्थानीय तहहरुमा अस्पताल सञ्चालन गर्नका लागि तीन वटा स्थानीय तह(भरतपुर महानगर, रत्ननगर नगरपालिका र धुलिखेल नगरपालिका) लाई प्रदेश सरकारको निर्णय अनुसार क्रमश: रु.१ करोड र २०/२० लाखका दरले थप अनुदान हस्तान्तरण गरिएको ।

□ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई बागमती प्रदेशभित्र जिल्लामा २०७७ श्रावण १ देखि कार्तिक मसान्तसम्म उद्योग तथा पर्यटन क्षेत्र सम्बन्धीत क्षेत्रलाई जरिवाना छुट गरिएको ।

# आर्थिक वर्ष अनुसार विनियोजित बजेट र कार्यान्वयनको अवस्था

चालु आवको पुस मसान्तसम्म

| क्र सं. | आर्थिक वर्ष | चालु बजेट | चालु खर्च | पूँजीगत बजेट | पूँजीगत खर्च | जम्मा बजेट | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७४/०७५ | २३३५०००० | १२८५५२०२.७० | १६४५०००० | १४०७७६५९ | ३९८००००० | २६९३२०८५ | ६७.६७ |
| २. | २०७५/०७६ | ६६५८२६१००० | ६२८६२२७३२२ | १२१२०३०७४० | ३५३३२६३३ | ७८७०२९१७४० | ६३२१५५९९५५ | ८०.३२ |
| ३. | २०७६/०७७ | २७५४१३००० | ५०७६८५८० | ३८०३०००० | ५९७५२२२ | ३१३४४३००० | ५६७४३८०१.६७ | १८.१० |
| ४. | २०७७/०७८ | ११३१०२००० | २३४५४४०७.४४ | ४७४९०००० | १४६०८५८ | १६०५९२००० | २४९१५२६५.४४ | १५.५१ |

□ प्रदेश सरकारको स्थापनादेखि हालसम्म हरेक आ.व.मा राजश्व र व्ययको अनुमान प्रदेश सभामा पेश गरेको ।

| क्र. सं. | आर्थिक वर्ष | चालुबजेको आकार (रु करोडमा) | जम्मा खर्च |
|---|---|---|---|
| १ | २०७४/०७५ | १०२ | २६.४१ |
| २. | २०७५/०७६ | ३५६१ | ६०.७० |
| ३. | २०७६/०७७ | ४७६० | ५८.७१ |
| ४. | २०७७/०७८ | ५१४२ | १६.२७ पुस मसान्तसम्म |

□ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा भएको वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था बमोजिम बागमती प्रदेश सरकारले प्रदेश अन्तर्गतका ३ महानगर, १ उपमहानगर, ४१ नगरपालिका तथा ७४ गाउँपालिकाका लागि वित्तीय समानीकरण, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान गरी ४ प्रकारको अनुदानको व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७५/०७६ देखि आ.व. २०७७र७८ का लागि विनियोजन गरिएको बजेटमा स्थानीय तहमा वित्तीय हस्तान्तरणको लागि व्यवस्था गरिएको अनुदान रकमको विवरण यस्तो छ :

(आर्थिक वर्ष २०७७/०८७ का लागि प्रदेश समपूरक र विशेष अनुदान माग गर्ने सम्बन्धमा सबै स्थानीय तहहरुलाई पत्राचार गरिसकेको।)

| क्र.सं. | अनुदानको प्रकार | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | रु. १ अर्ब | रु. १ अर्ब २५ करोड | रु. १ अर्ब २५ करोड |
| २ | सशर्त अनुदान | रु ३ अर्ब ७४ करोड २४ लाख | रु. १ अर्ब ८४ करोड ७१ लाख ५६ हजार | रु. ३ अर्ब ०६ करोड ४५ लाख ५२ हजार |
| ३ | समपूरक अनुदान | रु. ८७ करोड ५९ लाख | रु. १ अर्ब ३८ करोड ७३ लाख ९६ हजार | कुल रु.२ अर्ब ६३ करोड १६ लाख ९ हजार |
| ४ | विशेष अनुदान | रु ६५ करोड | रु. २१ करोड ५५ लाख ०३ हजार | ७५ स्थानीय तहका ७५ योजनाहरुमा कुल रु. २९ करोड ७० लाख |

# भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि, भूमि तथा सहकारी क्षेत्रको एकीकृत विकास गरी कृषिको व्यवसायीकरण र औद्योगिकीकरण गर्दै कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि मार्फत कृषि उपजमा आत्मनिर्भर बनाउने जिम्मेवारी रहेको यस मन्त्रालयले प्रदेश स्तरमा कृषि सहकारी तथा भूमि सुधारसम्बन्धी नीति तुर्जमा तथा कार्यान्वयन गरी भूमी व्यवस्थापन, भूमि प्रशासन, जग्गा नाँपजाँच, भूमि सुधार भू उपयोग तथा चक्लाबन्दी सम्बन्धी कामहरु गरेको छ । यस मन्त्रालयले गरेको कामको केही झलक:

## कृषिमा यान्त्रिकरण:

कृषिमा आधुनिकता भित्र्याउने तर्फ प्रदेश सरकारले विशेष ध्यान दिंदै आएको छ । कृषिमा यान्त्रिकरण प्रविधिमार्फत उत्पादन बढाउनको लागि प्रदेश सरकारले यस्ता योजना ल्याएको हो ।

सिन्धुलीको दुधौली नगरपालिका, चितवनको माडी नगरपालिका सिन्धुपाल्चोकको मेलम्ची र इन्द्रावती गाँउपालिका र नुवाकोटको लिखु र पञ्चकन्या गाँउपालिकामा गरी ७८९ कृषक घरधुरीले १७४४ विगाहा जग्गामा सामुहिक चक्लाबन्दीमा आधुनिक एवं यान्त्रिकरणको माध्यमबाट अन्नबाली, तरकारीबाली र माछापालन गरिएको छ ।

□ २४७ वटा दुग्ध उत्पादक सहकारी मार्फत कृषकै खातामा जाने गरी करिब रु. ८ करोड ८८ लाख अनुदान दुग्ध उत्पादनका लागि वितरण गरिएको छ ।

□ प्रत्येक जिल्लामा कम्तिमा १/१ वटा कृषि पर्यटन प्रवर्द्धन गर्ने काम भइरहेको छ ।

# मन्त्रालयबाट भएका अन्य कामहरु

□ **कोल्ड स्टोर निर्माण:** प्रदेशको ९ जिल्लाका १२ स्थानमा कोल्ड स्टोर निर्माण कार्य शुरु भएको छ जसबाट १६,३०० मे.टन. फलफूल तथा तरकारी भण्डारण गर्न तथा बजारीकरणमा सहज ।

□ **बिषादी अवशेष नियमन प्रयोगशाला स्थापना र सञ्चालन:** प्रदेशको चितवन, काभ्रेपलाञ्चोक, नुवाकोट, ललितपुर र मकवानपुर जिल्लामा विषादी परिक्षण प्रयोगशाला स्थापना भई सञ्चालनको लागि लागि भौतिक संरचना विकास तथा सामग्रि खरिद कार्य भैरहेको ।

□ **स्थानीय तहको साझेदारीमा माटो परिक्षण प्रयोगशाला स्थापना र सञ्चालन:** विदुर नगरपालिका नुवाकोट, खैरहनी नगरपालिका चितवन, पाँचखाल नगर पालिका काभ्रे, मकवानपुरगढी गाँउपालिका कवानपुर, र सिद्धलेक गाँउपालिका धादिङ्गमा माटो परिक्षण प्रयोगशाला स्थापना भई सञ्चालनमा आएको छ । चालु आवमा पनि माटो परिक्षण गरी Soil Health Card वितरण कार्यक्रम अन्तरगत सामूहिक खेती प्रणाली शूरु भएका क्षेत्रहरु सिन्धुलीको दुधौली, चितवनको माडी, सिन्धुपाल्चोकको मेलम्ची तथा इन्द्रावती र नुवाकोटको लिखु तथा पञ्चकन्यामा कृषक र अन्य सरोकार वालाहरुसँग अन्तरक्रिया गरिएको छ ।

□ **दाना उद्योग स्थापना तथा सञ्चालन:** चितवन, दोलखा र मकवानपुर जिल्लामा दाना उद्योग स्थापना भई संचालनमा आएको छ । यसबाट गुणस्तरीय पशु दाना उत्पादन भई बजारीकरणमा सहज बनाउने कार्य आव २०७५/०७६ बाट नै भएको छ ।

□ **दुध चिस्यान केन्द्रका लागि चिलिङ्ग भ्याट:** चितवन, ललितपुर, मकवानपुर, सिन्धुली र दोलखा जिल्ला गरी जम्मा २४ वटा चिलिङ्ग सेन्टर स्थापना भएको छ । चिस्यान केन्द्रको स्थापनाबाट दैनिक ४६,००० ली. दुध चिस्यान भई दूधको गुणस्तरमा वृद्धि हुने तथा उपभोक्ता समक्ष स्वस्थकर दुध उपलब्ध भएको छ । यसै गरी चालु आवमा दुग्ध विकास संस्थानलाइ १०० मे.टन. क्षमताको नयाँ कोल्डस्टोर निर्माणमा सहयोग गरिएको छ । नयाँ कोल्डस्टोर निर्माणका लागि २०७७ पुस २७ गते शिलान्यास गरिएको छ । यस्तै २० वटा दुग्ध सहकारी संस्थालाइ मिल्क एनालाईजर वितरण गरिएको छ । मिल्क एनालाईजर प्रविधिबाट दैनिक ९५० लिटर दुधको न्युनतम गुणस्तर चेकजाँच कार्य

आव २०७५/०७६ बाट गर्दै आईरहेको छ ।

□ **डिप वोरिङ्ग कार्यक्रम:** चितवन, मकवानपुर र सिन्धुली जिल्लाका २२ स्थानमा डिप वोरिङ्ग निर्माणबाट थप ३६० हेक्टर क्षेत्रफलमा बाह्रै महिना सिचाई सुविधा विस्तार भएको छ । आव २०७६/०७७ मा सञ्चालित डिप बोरिङ्ग कार्यको निरन्तरता तथा अधुरो कार्य सम्पन्न गर्न चालु आवमा डि.पि.आर.सम्पन्न भएको छ ।

□ **पशु वधशाला तथा वधस्थल:** चितवन, ललितपुर र मकवानपुर ३ जिल्लाका ३ वटा बधशाला र १२ वटा वधस्थल स्थापनाबाट स्वच्छ, सफा र स्वस्थ मासु उत्पादन र विक्री वितरणमा सहजता भएको छ ।

□ **सामुहीक खेति:**चितवनको माडीमा १०० विगाहा र सिन्धुलीको दुधौलीमा १२१ विगाहामा सामूहीक खेती आव २०७५/०७६ बाटै शुरु भएको छ । उक्त कार्यबाट जमिनको उचित प्रयोग भई कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुनुको साथै कृषि प्रर्यटन प्रर्वद्धनमा मार्फत कृषकको जीवनस्तरमा सुधार भएको । सिन्धुलीको दुधौलीमा १२१ विगाहा तथा चितवनको माडीमा १०० विगाहामा चक्लाबन्दी मार्फत सामूहिक खेती भइरहेको तथा नुवाकोटको लिखु र पन्चकन्या गापा तथा सिन्धुपाल्चोकको मेलम्ची नपा र इन्द्रावती गापामा आव २०७६/०७७ बाट सामूहिक खेतीको शुरुवात भएको छ । स्थानीय तह, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा अभियानमूलक फलफूल विरुवा बृक्षारोपण कार्यक्रम प्रदेशभित्र अभियानमुलक रुपमा विभिन्न जातका फलफुलका २ लाख ७८ हजार विरुवा बृक्षारोपण गरी ५५६ हे. क्षेत्रफल विस्तार भएको छ । चालु आवमा सामुहीक खेती व्यवस्थापन समिति, लिखु पन्चकन्या, नुवाकोट कार्यक्रमको निरन्तरताका लागि अनुदान सम्झौता भै कार्यक्रम संचालनको क्रममा रहेको छ ।

□ **उत्पादनमा आधारित अनुदान कार्यक्रम:** आव २०७५/०७६ मा चितवन, मकवानपुर, धादिङ, नुवाकोट, सिन्धुपलान्चोक, काभ्रेपलाञ्चोक र ललितपुर जिल्लाका ४९ वटा दुग्ध सहकारी सस्थामा आवद्ध कृषकहरुलाइ दुधमा प्रति लिटर ५१ पैसाको दरले अनुदान वितरण गरिएको छ । यस्तै आव २०७६/०७७ मा उत्पादनमा आधारित दूधमा अनुदान कार्यक्रम अन्तरगत दूध उत्पादनमा प्रति लिटर रु. १ का दरले १९८ वटा दुग्ध उत्पादक सहकारी संस्थालाई ७ करोड ८३ लाख १८ हजार ४ सय बाइस अनुदान वितरण गरिएको छ । यस प्रकारको अनुदानबाट कृषकहरुमा थप उत्प्रेरणा भई व्यवसायिकतामा वृद्धि भएको छ ।

□ **५० प्रतिशत अनुदानमा आधुनिक फलफुल नर्सरी विकास तथा विस्तार कार्यक्रम:**निजी/सहकारी सँगको ५० प्रतिशत सहकार्यमा चितवन जिल्लामा २, धादिङ्गमा १, काभ्रेपलान्चोकमा १ र रामेछाप जिल्लामा १ आधुनिक फलफुल नर्सरी स्थापना भएको छ । नमुना कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापना गरि प्रत्येक जिल्लाका उपयुक्त स्थानमा एक/एक वटा नमुना कृषि उपज संकलन तथा बिक्री केन्द स्थापनाका लागि डि.पि.आर. तयार गरिएको छ ।

□ **कृषि विकास बैंकसँग समझदारी पत्रमा हस्ताक्षर:** कृषि क्षेत्रमा प्रदान गरिने अनुदानको रकम कृषि विकास बैक मार्फत प्रवाह गर्नुका साथै कृषक, कृषि उद्यमि, समुह तथा सहकारीलाई सस्तो व्याजदरमा ऋण प्रदान गर्न मन्त्रालय र कृषि विकास बैकबिच मिति २०७६।४।१४ मा समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

□ **चौरी श्रोत विकास कार्यक्रम:** कृषक समूह/सहकारी/निजि क्षेत्रसँग साझेदारीमा चौंरी श्रोत केन्द्र विकास कार्यक्रममा पचास प्रतिशत अनुदान प्रदान गरिएको छ । दोलखाको कालिन्चोकमा चौंरी श्रोत केन्द्र स्थापना भएको छ ।

□ **शीत भण्डार निर्माण:** फलफूल तथा तरकारी भण्डारणका लागि साझेदारीमा शीत भण्डार निर्माण कार्यक्रम अन्तरगत प्रदेशका काठमाडौ उपत्यका र काभ्रेपलान्चोक बाहेकका ९ जिल्लामा १२ स्थानमा शीत भण्डार निर्माण कार्य भैरहेको छ । चालु आव २०७७/०७८ को हालसम्म शीत भण्डार निर्माण कार्य ६५ प्रतिशत सम्पन्न भएको छ, यसै आवमा निमार्ण पूर्ण हुनेछ ।

□ **कृषि औजार कारखाना स्थापना:** निजी क्षेत्रसँगको साझेदारीमा मकवानपुर जिल्लाको औद्योगिक क्षेत्रमा कृषि औजार कारखाना स्थापनाको लागि डि.पि.आर्. तयार भएको छ ।

□ **नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट**

(क्याडवरी र चक्लेट सहित) निर्माणमा सहकारी/निजी क्षेत्रलाई पचास प्रतिशत अनुदान कार्यक्रम अन्तरगत चितवन जिल्लामा नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट (क्याडवरी र चक्लेट सहित) निर्माणका लागि डि.पि.आर. तयार भएको छ ।

□ समुह/सहकारी/नीजि क्षेत्रसँगको सहकार्यमा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम: प्रदेशका १३ वटै जिल्लामा एक एक वटा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन भएको छ ।

□ मागमा आधारित सौर्य सिंचाइ कार्यक्रम अन्तरगत ९६ वटा सौर्य सिँचाइ सम्पन्न भई ११० हे. सिंचित क्षेत्र विस्तार भएको ।

□ मागमा आधारित लिफ्ट सिंचाइ कार्यक्रम अन्तरगत ५३ वटा लिफ्ट सिँचाइ जडान भई ३५० हे. सिंचित क्षेत्र विस्तार भएको । चालु आवमा पनि थप कार्यक्रमको लागि आवेदन संकलन कार्य सम्पन्न, मुल्याङ्गनको क्रममा रहेको ।

□ सिंचित क्षेत्र विस्तारका लागि डिप बोरिङ्ग निर्माण र सञ्चालन अन्तरगत प्रदेशका ३५ स्थान डिप बोरिङ्ग निर्माणका लागि प्राविधिक सर्भेक्षणबाट छनौट गरिएको, चालु आ.व.मा डिप बोरिङ्ग निर्माण गरिने ।

□ **एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार:** सहकारी/निजी क्षेत्रलाई पचास प्रतिशत अनुदान:३३ जना साझेदारसँग कार्यक्रम सम्पन्न भई २५ दशमलब २५ रोपनी रोपनीमा रेश-वे निर्माण, १२ वटा ह्याचरी र २१ वटा दाना उद्योग (दाना मेसिन र स्टोर घर) विस्तार भएको छ ।

□ कृषि पर्यटन प्रवर्द्धनको लागि नमुना कालिज/बदेल/स्थानीय कुखुरालगायतका अन्य पशुपन्छी पालन कार्यक्रममा कृषक समूह/सहकारी/ नीजि क्षेत्रलाई अनुदान:

१६ वटा : कालिज फार्म,
१८ वटा : स्थानीय कुखुरा फार्म,
३ वटा : टर्की फार्म,
१ वटा : कडकनाथ फार्म
१ वटा : अल्पका फार्म

स्थापना भई संचालनमा आएको ।

□ मानव र वन्यजन्तुबीचको द्धन्द्ध न्यूनीकरण तथा कृषि उपजको सुरक्षाका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा स्थानीय तह एवं जनताहरुको सहभागितामा पर्खाल निर्माण मानव र वन्यजन्तुबिचको द्धन्द्ध न्यूनीकरण तथा कृषि उपजको सुरक्षाका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा स्थानीय तह एवं जनताहरुको सहभागितामा आ.व. २०७६/७७ मा २.२. कि.मि. पर्खाल निर्माण गरिएको, आ.व. २०७७/७८ मा पनि निरन्तरता दिइएको छ ।

□ **जिविकोपर्जन सहयोग विशेष कार्यक्रम:**विपन्न समुदायको जिविकोपार्जन सहयोगका लागि धादिङ्ग, चितवन र मकवानपुर जिल्लामा जिविकोपार्जन सहयोग कार्यक्रम गरिएको छ । यस अन्तरगत वृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम रसुवा जिल्लामा १०५ रोपनीमा उन्नत (High Density Planting) स्याउ खेती विस्तार भएको

□ नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट (क्याटवेरी र चकलेट) सहित निर्माणमा सहकारी/नीजी क्षेत्र/स्थानीय तहसगको ५० प्रतिशत लागत सहभागितामा कार्ययक्रमको निरन्तरता दिंदै (चितवन जिल्ला) राप्ती नगरपालिका चितवनसँगको लागत सहभागितामा कार्यक्रम संचालनको लागि सम्झौताको क्रममा रहेको ।

□ चितवनको भण्डारामा कृषि तालिम केन्द्र भवन निर्माण कार्य ७० प्रतिशत सम्पन्न, यस आ.व.मा सम्पन्न हुने छ ।

□ दोलखाको गौरीशंकर गाउपालिकाको साझेदारीमा सामुहीक खेती प्रवद्धन कार्यक्रम सम्झौता भै कार्यक्रम संचालन भैरहेको ।

□ बाझो जग्गामा खेतीका लागि प्रोत्साहन कार्यक्रम अन्तरगत १३ जिल्ला आवेदन संकलन कार्य सम्पन्न भएको ।

□ स्थानीय तहको समन्वयमा खास खास बाली (धान, गहु, मकै, कोदो, फापर, आलु, तरकारी, फलफुल) को न्यूनतम समर्थन मुल्य निर्धारण तथा कार्यान्वयनका लागि अध्ययन कार्य भैरहेको छ ।

# सामाजिक विकास मन्त्रालय

शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, श्रम तथा रोजगार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायत समग्र सामाजिक विकासको क्षेत्रमा कार्य गर्न यस मन्त्रालयको स्थापना गरिएको हो । ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता, युवा तथा खेलकुद र यि क्षेत्रको लागि आवश्यक नीति, कानुन मापदण्ड तर्जुमा कार्यान्वयन र नियमनकोकार्य अन्तरगत यस मन्त्रालयले ३ वर्षमा गरेको कामहरुको केही महत्वपूर्ण झलक यस प्रकार छ -:

## एक विद्यालय एक नर्स कार्यक्रम

११९ स्थानीय तह गरी ३५९ सामुदायिक विद्यालयमा कार्यक्रम सञ्चालन गरिएको छ । मानवीय जीवनमा स्वास्थ्य शिक्षाको महत्व सबैभन्दा बढी रहेको पाइन्छ ।

मानवीय जीवनमा स्वास्थ्य शिक्षाको महत्व सबैभन्दा बढी रहेको पाइन्छ ।बालबालिका तथा किशोर किशोरीहरुलाई स्वास्थ्य शिक्षामा सहज पुहँच पुऱ्याउनको लागि विद्यालय नर्स कार्यक्रम ल्याइएको छ । यसबाट सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्द्धन प्रजनन तथा यौन स्वास्थ्य परामर्श सेवा प्रवाह गर्न यो कार्यक्रम अत्यन्तै प्रभावकारी बनेको छ ।

बालबालिका तथा किशोर किशोरीहरुलाई स्वास्थ्य शिक्षामा सहज पहुँच पुऱ्याउनको लागि विद्यालय नर्स कार्यक्रम ल्याइएको छ । यसबाट सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा, बाल स्वास्थ्य प्रवर्द्धन प्रजनन तथा यौन स्वास्थ्य परामर्श सेवा प्रवाह गर्न यो कार्यक्रम अत्यन्तै प्रभावकारी बनेको छ ।

□ स्वास्थ्य सेवाको पहुँच बढाउन सीमातकृत र लोपोमुख जातीको उच्च बसोबास रहेको १० स्थानीय तहमा Roving अ.न.मि. कार्यक्रम सञ्चालन ।

□ अभिभावक विहिन (बुबाआमा दुबै नभएका) बाल बालिकाको संरक्षण गर्न स्थानीय तहमार्फत सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत मासिक २००० (दुइ हजार) उपलब्ध गराइएको छ ।

□ क्यान्सर पीडितलाई संघीय सरकारबाट प्रदान गरिने सुविधामा प्रदेश सरकारबाट थप ५० हजारको व्यवस्था गरिएको छ ।

□ प्रदेश सरकार अन्तरगतको ८ वटा अस्पतालनहरुको क्षमता विस्तार गरी HDU व्यवस्था गरिएको छ ।

□ प्रदेशका अस्पताल नभएका ५ जिल्लाका ५ वटा अस्पतालहरुलाई प्रदेश सरकार मातहत व्यवस्थापन गर्ने अन्तिम चरणमा पुगेको छ ।

□ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भई २ वटा विषयमा अध्यापन सुरु गर्न तयारी भइरहेको छ ।

□ स्थानीय तहमा रहेका अस्पताल/स्वास्थ्य संस्था भवन निर्माण एवम् प्रदेश भित्रका अस्पतालहरुका MSS सुधार कार्यक्रम अनुरुप १३ जिल्लाका स्थानीय तहमा रहेका १७ अस्पताल/स्वास्थ्य चौकीको भवन निर्माण सम्पन गरिएको छ ।

□ ३३ वटा सामुदायिक विद्यालयहरुमा विषयगत प्रयोगशाला स्थापना गरिएको छ ।

□ ७० वटा सामुदायिक विद्यालयमा ई-लाइब्रेरी तथा स्मार्टबोर्ड सहितको आइसीटी ल्याब स्थापना गरिएको छ ।

□ चालु आर्थिक वर्ष २०७७/०७८ मा ५० वटा सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला र आइसीटी ल्याबको स्थापनाको कार्यक्रम सञ्चालन भैरहेको छ ।

□ ८० वटा सामुदायिक क्याम्पसहरुको भौतिक सुदृढीकरण ।

□ ४० वटा सामुदायिक शैक्षिक क्याम्पसको शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम सम्पन्न भएको छ ।

□ 'बागमती प्रदेशको इच्छा, छोरी बुहारीलाई उच्चशिक्षा' कार्यक्रम अन्तरगत ३९८ जान छोरी बुहारीलाई छात्रवृत्ति प्रदान गरिएको छ । चालु आर्थिक

वर्षमा ५०० जनालाई उपलब्ध गराइने कार्यक्रम रहेको छ ।

□ दिनेश राम्जी स्मृती बहुप्राविधिक शिक्षालय सिन्धुपाल्चोक स्थापना र सञ्चालनको लागि पूर्वाधार विकासका लागि आवश्यक कार्यहरु भइरहेको ।

□ प्रत्येक जिल्लामा एक रङ्गशाला, प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा कभर्ड हल र स्थानीय तहमा खेल मैदनको निर्माण गरी खेल प्रतियोगिताको प्रवर्द्धन गर्ने कार्यक्रम जारी रहेको छ ।

□ गौरीटार मकवानपुरमा अन्तराष्ट्रिय स्तरको रङ्गशाला,चौतारा, सिन्धुलीको कमलामाइ र दुधौली रङ्गशाला र दोलखाको जिरीमा रङ्गशालाको निर्माण कार्य भइरहेको ।

□ भकुण्डे र बलेफीको कभर्ड हल निर्माण सम्पन्न ।

□ थाहा, मनहरी, माडी, धनौजी, कालिका, निलकण्ठ, विदुर,तार्केश्वर, कागेश्वरी, नखिपोट, ठेचो, , मेलम्ची, सुनकोसी, मन्थली, खाँडदेवी, मरिन, पालिकाहरुमा कभर्डहल निर्माणाधिन रहेको ।

□ गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि धुर्मुस सुन्तलि फाउण्डेशनलाई ३ करोड सहयोग गरिएको छ ।

□ स्वरोजगारमुलक व्यवसायिक तथा सिप विकास तालिम कार्यक्रम अन्तरगत मागमा आधारीत ३ देखि ६ महिना अवधिका सिपमुलक व्यवसायिक तालिम सञ्चालनमा रहेको छ ।

□ आधारभुत र माध्यमिक तहका करिब ६ हजार जना शिक्षक र प्र.अ हरुको ५ दिने क्षमता विकास अभिवृद्धी तालिम सम्पन्न गरिएको ।

□ २६२ सामदायिक विद्यालयह?मा अग्रेजी, गणित र विज्ञान विषय मध्ये कुनै एक विषयमा शिक्षक व्यवस्थापन गर्न शिक्षक अनुदान उपलब्ध गराइएको ।

□ युवा वैज्ञानिक प्रोत्साहन कोष स्थापना गरी अनुसन्धान विकास र नवप्रवर्तका लागि युवा वैज्ञानिहरुबाट अनुसन्धान कार्य सुरु भएको ।

□ बागमती प्रदेशलाई वि.स. २०७८ सम्ममा बालविवाह मुक्त प्रदेश र वि.स २०८० सम्ममा बालमैत्री स्थानीय तह बनाउन ११९ स्थानीय तहमा बाल विवाह विरुद्धको सहजकर्ताहरु नियुक्त गरी अभियान सुरु गरि सकिएको छ ।

यसैगरी बालमैत्री पालिका घोषणाको कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक सहजीरकण गरिएको ।

□ ऐतिहासिक, पुरातात्विक, सम्पदाहरु मकवानपुर गढी, सिन्धुली गढी, दुगुना गढी,उपदांग गढी, चौतारा साँगाचोक गढी आदि गढीहरुका पुननिर्माण गरिएको

□ स्थानीय तह र विद्यालयमा खेल मैदान निर्माणकार्य सम्पन्न ।

□ मगर सग्रहालय मेघौलि, चितवन, गोलढुङ्गा साहित्य परिषद, काठमाडौं र दायित्व वाङमय प्रतिष्ठान चावहिल,काठमाडौंको भवन निर्माण ।

□ सामुदायिक विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न ५ वटा सामुदायिक विद्यालयहरु (चितवन, धादिङ, सिन्धुपाल्चोक, दोलखा र सिन्धुली) छनौट गी गुरुयोजना तयार गर्ने कार्य शुरु गरिएको ।

□ २५ वटा सामुदायिक विद्यालयहरुका लागि विद्यालय बस सेवा अनुदान प्रदान गरिएको ।

□ २० वटा सामुदायिक विद्यालयहरुलाई प्रदेश स्तरबाट नमूना विद्यालय विकासका लागि छनौट गरी अनुदान उपलब्ध गराइएको ।

□ रामेछाप, दोलखा, धादिङ्ग र मकवानपुरमा साझेदारीमा जिल्लासेवा केन्द्र (Safe house) को भवन निर्माणका लागि अनुदान ।

□ काभ्रेको पनौतीमा प्रदेश स्तरीय वाल अधिकार संरक्षण केन्द्र निर्माण भइरहेको ।

□ ११९ स्थानीय तह मार्फत वाल विवाह विरुद्धको अभियान, बालमैत्री घोषणा प्रोत्हान कार्यक्रम र अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा पुनर्स्थापना कार्यक्रम सञ्चालन ।

□ कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचार भइरहेको र प्रदेश स्तरीय कोभिड-१९ सम्बन्धी दैनिक प्रतिवेदन तयारी र प्रकाशन ।

# प्रदेश नीति तथा योजना आयोग

## नीति तथा कार्यक्रमसँग सम्बन्धित केही मुख्य कार्यक्रमहरू

☐ २०७४/०७५ मा प्रदेश नीति तथा योजना आयोग स्थापना ।

२०७५।०७६ मा निम्न काम भएको:

☐ प्रदेशको दिगो विकासका लक्ष्य र परिलक्ष्यहरूको पहिचान गर्ने कार्यको शुरूवात गरिएको ।

☐ प्रदेश मन्त्रिपरिषदको ०७६/०२/१२ गतेको निर्णयअनुसार प्रदेश विकास परिषदको गठन गरिएको ।

☐ प्रदेशको बृहत वस्तुस्थिति विवरण तयार गरी प्रकाशित गरिएको ।

☐ समृद्ध प्रदेशको लागि दीर्घकालीन लक्ष्य, क्षेत्रगत उद्देश्य सहित विकास योजना तर्जुमा अन्तरगत पहिलो आवधिक योजनाको आधारपत्र तयार गरी २०७५ पौष १३ गते सार्वजनिक गरिएको ।

२०७६।०७७ मा निम्न काम भएको:

☐ प्रदेश विकास परिषदलाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रम सञ्चालनको लागि २०७६/०६/०८ गते आयोगको बैठक बसी प्रदेशको पहिलो आवधिक योजना आ.व. ०७६/७७/२०८०/८१ को आधार पत्रको विस्तृतीकरण गर्ने सम्बन्धमा २०७६/०६/१० प्रदेश विकास परिषदको बैठक बसी प्रदेशको पहिलो आवधिक योजना परिमार्जन सहित स्वीकृत गर्ने निर्णय भई सो अनुरूपको कार्य गरिएको ।

☐ प्रदेशको आवधिक योजना तयार तयार र प्रकाशन गरी कार्यान्वयनमा ल्याइएको।

☐ परियोजना बैंकको स्थापना र सञ्चालन कार्यविधिको मस्यौदा तर्जुमा गरिएको ।

२०७७।०७८ पौष मसान्तसम्म:

☐ प्रदेशका आयोजनाहरूको पहिचान, प्राथमिकीकरण, छनौट र मूल्याङ्कन जस्ता कृयाकलापहरुलाई तथ्यपरक एवं मापदण्डमा आधारित बनाउन प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली तयार गरी संचालनमा ल्याउन आयोजना बैंक बैंकको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्थाहरूसमेत समावेश गरी प्रदेश सरकारको वार्षिक योजना तर्जुमा कार्यविधिको मस्यौदा तयार भैरहेको ।

☐ प्रदेशको पोषण अवस्था अध्ययन गर्दै पोषण प्रोफाइल बनाउने कार्य अगाडि बढेको ।

## बजेटसँग सम्बन्धित केही मुख्य कार्यक्रमहरू

☐ प्रदेशको समग्र वस्तुस्थिति विवरण तयार गरी प्रकाशन गरिएको

☐ प्रदेशको आर्थिक झलक तयारी र प्रकाशन (प्रदेशको वस्तुस्थिति विवरणमा समावेश गरिएको)

☐ प्रदेशको दुरदृष्टि पत्र तयारी र प्रकाशन(प्रदेशको आवधिक योजनाको आधारपत्रमा समेटिएको)

☐ प्रादेशिक विकास नीति तर्जुमा तथा प्रकाशन गर्ने (प्रदेशको आवधिक योजनाको आधारपत्रमा समेटिएको)

☐ आवधिक विकास योजना तर्जुमा मार्गदर्शन तयार गर्ने (आधारपत्र प्रकाशन भएको)

☐ प्रदेशको वार्षिक योजना/कार्यक्रम तर्जुमा दिक्दर्शन तयार गरिएको

☐ आयोगको नीति तथा योजनाका सम्बन्धमा प्रदेशस्तर र जिल्लास्तर मा अभिमुखीकरण गर्ने (जिल्लागत गोष्ठी संचालन भएको)

☐ अनुगमन तथा मूल्यांकन मार्गदर्शन मस्यौदा तयार भएको

☐ प्रदेशको आवधिक योजना सम्बन्धी अन्तर प्रदेश अनुभव आदानप्रदान अन्तर्गत प्रदेश नं. १, २ र ४ मा पदाधिकारीहरुको भ्रमण भएको।

☐ आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी २ दिने छलफल कार्यक्रम सञ्चालन गरिएको।

☐ कोभिड १९ को प्रभावको मूल्याङ्कन गर्ने कार्य भैरहेको।

☐ प्रदेशको वस्तुस्थिति विवरण अध्यावधिक गर्ने कार्य भैरहेको।

☐ परियोजना बैङ्क व्यवस्थापन सम्बन्धी सम्भाव्यता अध्ययन भैरहेको।

☐ प्रदेश विकास जर्नल प्रकाशनको तयारी भैरहेको ।